

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत २३ गते शुक्रबार ❑ 5 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकीमा सरकार बनाउन दलहरुको कसरत सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुधबार पदबाट राजीनामा दिएपछि गण्डकी प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया सुरु भएको छ । प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानको धारा १६८ उपधारा (२) बमोजिम यही चैत २७ गते अपराह्न ३ बजेभित्र मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गर्नुभएको छ ।

संविधानको उक्त व्यवस्थाअनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यले मुख्यमन्त्रीमा दाबी पेस गर्न सक्नेछन् । प्रदेश प्रमुख भट्टले दिएको समय सीमाभित्र बहुमत पुर्‍याएर मुख्यमन्त्रीमा दाबी पेस गर्न दलहरुले कसरत थालेका छन् । नयाँ सत्ता गठबन्धन र नेपाली कांग्रेसले आफ्नै नेतृत्वमा सरकार गठनका लागि पहल अगाडि बढाएको हो । सरकार बनाउन नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मिलेर बनेको गठबन्धनलाई थप दुई तथा कांग्रेसलाई चार प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ । साठी सदस्यीय प्रदेशसभामा सरकार निर्माणका लागि ३१ प्रदेशसभा सदस्यको समर्थन चाहिन्छ । प्रदेशसभामा कांग्रेसका २७, एमालेका २२, माओवादी केन्द्रका सात (सभामुखबाहेक), राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र एक स्वतन्त्र प्रदेशसभा सदस्य हुनुहुन्छ । नयाँ सरकार गठनका लागि राप्रपा निर्णायक देखिएको छ । एमाले-माओवादी गठबन्धनलाई राप्रपाले साथ दिए सहजै सरकार बन्छ । कांग्रेसलाई राप्रपाका दुई र एक स्वतन्त्र प्रदेशसभा सदस्यले साथ दिँदा पनि बहुमत पुग्दैन । एमाले प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले राप्रपाको समर्थनमा एमाले-माओवादीसहितको गठबन्धन सरकार बन्ने विश्वास व्यक्त गर्नुभयो । "राप्रपाले सहयोग गर्छ भन्नेमा हामी ढुक्क छौँ, प्रदेश प्रमुखले दिएको समयभित्र बहुमत पुर्‍याएर मुख्यमन्त्रीमा दाबी पेस गर्छौं", उहाँले भन्नुभयो, "गण्डकीमा विगतदेखि नै राप्रपासँग सहकार्य हुँदै आएकाले अहिले मिलेर अगाडि बढ्ने वातावरण बन्दैछ ।" उहाँले केन्द्रमा भएको सहमतिअनुसार एमाले संसदीय दलका नेता खगराज अधिकारी मुख्यमन्त्री बन्ने बताउनुभयो । राप्रपालाई विश्वासमा लिन प्रदेशदेखि र केन्द्रसम्म संवाद भइरहेको प्रमुख सचेतक नेपालीले बताउनुभयो । "जिम्मेवार दलका हिसाबले राप्रपाले उचित निर्णय लिन्छ भन्नेमा हामी विश्वस्त छौँ, प्रदेशलाई मध्यावधि निर्वाचनमा जान नदिन राप्रपाको भूमिका महत्त्वपूर्ण छ", उहाँले भन्नुभयो । कांग्रेसका प्रदेशसभा सदस्य डिल्लीराम सुवेदीले कांग्रेसकै नेतृत्वमा सरकार गठनका लागि हरसम्भव प्रयास गरिने बताउनुभयो । "संविधानको धारा १६८ उपधारा (२) अनुसार बहुमत जुटाएर मुख्यमन्त्रीमा दाबी पेसका गर्न हाम्रो सम्पूर्ण प्रयास केन्द्रित छ", उहाँले भन्नुभयो, "यो प्रक्रियाबाट कुनै पनि दलले सरकार गठन गर्न नसके ठूलो दलका हैसियतामा कांग्रेसकै नेतृत्वमा सरकार बन्छ ।" राप्रपा अनिर्णित रहँदासम्म बहुमतको सरकार बन्ने सम्भावना नरहेको प्रदेशसभा सदस्य सुवेदीले बताउनुभयो ।

दलहरूले संविधानको धारा १६८ को उपधारा (२) अनुसार नै सरकार बन्ने दाबी गरिरहेका छन् । उक्त प्रक्रियाबाट सरकार बन्न नसके ठूलो दलका रूपमा कांग्रेसले सरकार बनाउने बाटो खुल्छ । त्यसरी बन्ने सरकारले पनि एक महिनाभित्र विश्वासको मत लिनुपर्छ । सरकार गठनका लागि निर्णायक देखिएको राप्रपाले भने तत्काल सत्ताको जोडघटाउमा नलाग्ने प्रष्ट पारेको छ । राप्रपाको समर्थन जुटाउन कांग्रेस र एमाले-माओवादी गठबन्धनले लगातार प्रयास गरे पनि त्यसबारे राप्रपा अहिलेसम्म अनिर्णित छ । चैत २७ गतेसम्म आन्दोलनमा रहेको राप्रपाले त्यसपछि सङ्घ र प्रदेश सरकारबारे आवश्यक निर्णय लिने जनाएको छ । यसअघि राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले प्रदेश सरकारमा तत्काल सहभागी नहुने, समर्थन गर्नुपर्ने परिस्थिति आएमा पार्टी अध्यक्षले उपयुक्त समयमा सम्बन्धित प्रदेशको परामर्श लिएर निर्णय लिने निर्णय गरेको थियो । राप्रपा प्रदेशसभा संसदीय दलका नेता पञ्चराम गुरुङले चैत २७ गतेपछि मात्र सरकारबारे निर्णय लिइने बताउनुभयो । "प्रदेश सरकारलाई समर्थन गर्ने-नगर्ने भन्ने विषय चैत २७ गतेपछि मात्रै थाहा हुन्छ, केन्द्रबाट जे निर्देशन आउँछ प्रदेशमा पनि त्यही लागू हुन्छ", उहाँले भन्नुभयो, "अहिलेलाई हामी तटस्थ छौँ, कुनै पनि दललाई समर्थन गर्दैनौँ ।" केन्द्रमा भएको सत्ता समीकरण फेरबदलको असर गण्डकी प्रदेशमा पनि परेको हो । गत फागुन २३ गते तत्कालीन सत्ता साझेदार माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि पाण्डे नेतृत्वको सरकार अल्पमतमा परेको थियो । संवैधानिक व्यवस्थाअनुसार यही चैत २३ गतेभित्र मुख्यमन्त्री पाण्डेले विश्वासको मत लिनुपर्नेमा उहाँले त्यसो नगरी राजीनामा दिनुभएको हो । प्रदेशसभाबाट विश्वासको मत पाउने आधार नदेखिएपछि मुख्यमन्त्रीको राजीनामा आएको हो । गत वैशाखमा सरकारको नेतृत्व सम्हाल्नुभएका पाण्डेले वर्ष दिन पनि नपुगी राजीनामा दिनुपर्ने परिस्थिति बनेको हो । विसं २०७४ मा प्रदेश स्थापना भएयता गण्डकीमा पाँच सरकार बनिसकेका छन् । यसअघि एमालेका पृथ्वीसुब्बा गुरुङ, खगराज अधिकारी र नेपाली कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री बन्नुभएको थियो । गोरखा क्षेत्र नं २ (२) बाट प्रदेशसभामा निर्वाचित मुख्यमन्त्री पाण्डेले गत वर्ष वैशाखमा सरकारको नेतृत्व सम्हाल्नुभएको थियो । केन्द्रमा भइरहने सत्ता परिवर्तनको असर प्रदेश सरकारमा पनि पर्दै आएको छ ।

## केन्द्रीय सदस्य बराललाई कास्की इन्चार्जको जिम्मेवारी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र) कास्कीको इन्चार्जमा रामजी प्रसाद बराल( जीवन) जिम्मेवारी दिइएको छ ।

पार्टीको केहीदिन अघि बसेको बैठकले नेताहरुको कार्यविभाजन गरेको र कास्कीको इन्चार्जको जिम्मा बराललाई तोकिएको पार्टीका गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङले बताउनु भयो ।

विसं २०४७ सालमा कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्नु भएका बराल २०४८ मा संयुक्त जनमोर्चा नेपाल गाउँ इकाइको अध्यक्ष र ४९ मा जिल्ला सदस्य बन्नु भएको थियो। जनयुद्धको २०५९ को अन्त्य तिर पहिलोपटक कास्की जिल्लाको इन्चार्ज र सेक्रेटरीको जिम्मेबार वहन गर्नु भएको बराल २१ बर्ष पछि पुनः पार्टीको महत्वपूर्ण जिम्मेवारी दिइएको हो । बराल माओवादी केन्द्रको केन्द्रीय सदस्य समेत हुनुहुन्छ भने उहाँले गण्डकी प्रदेश सरकारको पूर्वअर्थमन्त्रीको जिम्मेवारी समेत सम्हाल्नु भएको थियो । २०५१ मा पार्टीको राष्ट्रिय भेलाले जनयुद्ध शुरु गर्ने र जनमुक्ति सेना निर्माण गर्ने निर्णपछि भूमिगत राजनीति सुरु गर्नु भएको उहाँ २०५३ साल साउन ५ गते देखि पार्टीको पूणर्कालिन कार्यकर्ता बबन्नु भएको हो ।

पूणर्कालिन बन्नेबित्तिकै उहाँ तत्कालिन नेकपा (माओवादी) को इलाका सेक्रेटरी र पार्टीको जिल्ला सदस्य हुनु भएको थियो। बराल कास्कीमा पार्टीको फौजी र राजनीतिक उपस्थिति जनाउन धैरै योजना बनाउनु भयो ।

विसं २०५७ मा पार्टीले उहाँलाई पर्वत जिल्लाको सेक्रेटरीको जिम्मेवारी दियो, भने विसं २०५९ मा फेरि सेक्रेटरी सहित कास्की जिल्लाको इन्चार्जको जिम्मेवारी लिएर कास्कीमा फर्किनु भयो । तत्कालीन एकिकृत माओबादी पार्टीको पोलिटब्यूरो सदस्य समेत हुनु भयो ।

विसं २०७० सालको संविधान सभाको उमेदवारी रहनु भएको थियो । त्यसै गरी २०७४ सालमा प्रदेश सभा सदस्यमा निर्वाचित भएपछि पार्टी संसदीय दलको उपनेता बन्नुभयो ।

नेपाली काँग्रेस संसदीय दल नेता कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको गण्डकी प्रदेश सरकारमा उहाँ अर्थमन्त्री बन्नुभएको थियो । केही समय अघि पार्टीले उहाँलाई बागलुङको बडिगाड गाँउपालिकामा पार्टीको विशेष रुपान्तरण अभियानको संयोजकाको भूमिकामा जिम्मा दिएको थियो । उहाँले पार्टी संकठग निर्माण, घर दैलो देखि उक्त क्षेत्रको सडक मर्मत तथा सरसफाई लगायतका कार्यमा निकै प्रशंसनिय कार्य गरेको स्थानियले बताउनु भएको थियो ।

## गण्डकी प्रमुख भट्ट र बागमती प्रदेश प्रमुख शर्माबीच भेटवार्ता

**पोखरापत्र संवाददाता**
गण्डकी, २२ चैत

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट र बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माबीच बिहीबारभेटवार्ता भएको छ ।

गण्डकी प्रदेश प्रमुखको निवास, पोखरामा गण्डकी प्रमुख भट्टले बागमती प्रमुख शर्मालाई स्वागत गर्नुभयो । यस्तै, हालै प्रदेश प्रमुख नियुक्त हुनुभएकामा बागमती प्रमुख शर्माले गण्डकी प्रमुख भट्टलाई बधाई ज्ञापन गर्नुभयो । प्रमुखद्वयले आ-आफ्ना प्रदेशको परिचय आदानप्रदानका साथै दुई प्रदेशबीच थप सम्बन्ध प्रगाढ बनाउँदै सहयोग र सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो । उहाँहरुले काम र अनुभवहरू पनि साटासाट गर्नुभयो ।

उक्त भेटमा दुवै जनाले आपसी कार्यानुभव आदानप्रदान गर्नुका साथै आगामी दिनमा दुई प्रदेशबीच थपसम्बन्ध प्रगाढ बनाउँदै सहयोग र सहकार्य गर्नुपर्नेमा जोड दिएका थिए ।

प्रदेशका सीमान्तकृत समुदायको उत्थानका लागि गर्न सकिने भूमिकालगायत विषयमा कुराकानी भएको गण्डकी प्रदेश प्रमुख भट्टका प्रेस संयोजक रञ्जन अधिकारीले जानकारी दिनुभयो ।

## अख्तियारद्वारा पूर्वमन्त्रीसहित ३३ जनाविरुद्ध मुद्धा दायर

**रासस**
काठमाडौं, २२ चैत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाही, तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकारसहित ३२ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

नेपाल वायु सेवा निगमले खरिद गरेको वाइडबडी जहाजमा भ्रष्टाचार गरेको अभियोगमा आयोगले रु एक अर्ब ४७ करोड १० लाख ८५ हजार चार सय ८२ बराबरको बिगो माग दाबीसमेत गरेको छ । आयोगले तत्कालीन सचिव एवं निगम सञ्चालक समितिका अध्यक्ष शङ्करप्रसाद अधिकारी, भन्सार विभागका तत्कालीन महानिदैशक एवं निगम तत्कालीन सञ्चालक समिति सदस्य शिशिरकुमार ढुङ्गाना, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने, सञ्चालक समिति सदस्य टेकनाथ आचार्य, निमा नुरु शेर्पा र मुक्तिराम पाण्डेविरुद्ध पनि समान बिगो दाबी गरेको छ । निगमका तत्कालीन सञ्चालक समिति सदस्य जीवनप्रकाश सिटौला र सञ्चालक समिति सदस्य अच्युतराज पहाडीविरुद्ध पनि समान बिगो दाबी गरिएको छ । निगमका कामु निर्देशक रामहरि शर्मा सेढाईं, कामु निर्देशक एवं हाल नायक महाप्रबन्धक जनकराज कालाखेती, तत्कालीन उपनिर्देशक प्रभासकुमार कर्माचार्यविरुद्ध रु एक अर्ब ४७ करोड १० लाख ८५ हजार चार सय ८२ बराबरको बिगो दाबी गरिएको छ । निगमका तत्कालीन निर्देशक गणेशबहादुर चन्द, कामु निर्देशक कर्णबहादुर थापाविरुद्ध पनि समान बिगो दाबी गरिएको छ । यसैगरी निगमका तत्कालीन नायब महाप्रबन्धक रमेशबहमदुर शाह, वरिष्ठ क्याप्टेन रविन्द्रकुमार शेरचन, काम निर्देशक रविन्द्र श्रेष्ठ, तत्कालीन कामु निर्देशक उपेन्द्र पौडेल, तत्कालीन कामु उपनिर्देशक श्रवण रिजा, तत्कालीन निमित्त निर्देशक पारस पौडेल, तत्कालीन निमित्त उपनिर्देशक उमेश पौडेल र तत्कालीन निमित्त उपनिर्देशक बृहतमान तुलाधरविरुद्ध पनि समान बिगो दाबी गरिएको आयोगले जनाएको छ ।

विमान आपूर्तिकर्ता प्रस्तावदाता कम्पनीका प्रतिनिधि जर्मन नागरिक, रोमानिया र माल्दोभाका नागरिकविरुद्ध पनि समान बिगो माग दाबी गरिएको छ । एएआर इन्टरनेशन आइएनसीका प्रमुखलगायत पाँच जनाविरुद्ध रु एक अर्ब ४७ करोड १० लाख ८५ हजार चार सय ८२ बराबरको बिगो माग दाबी गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो ।

## पहाडी क्षेत्रमा मूल्यवृद्धि बढी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

पहाडी क्षेत्रमा मूल्यवृद्धि बढी रहेको पाइएको छ ।

केन्द्रीय बैंकले बिहीबार सार्वजनिक गरेको चालु आवको आठ महिनाको विवरणअनुसार पहाडी क्षेत्रमा वार्षिक उपभोक्ता मुद्रास्फीति पाँच दशमलव ५९ प्रतिशत रहेको छ ।

काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८८ प्रतिशत, तराईको चार दशमलव ४२ प्रतिशत, पहाडको पाँच दशमलव ४९ प्रतिशत र हिमालको चार दशमलव ४२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त क्षेत्रहरुको यस्तो मुद्रास्फीति क्रमशः सात सात दशमलव ९५ प्रतिशत, सात दशमलव ५० प्रतिशत, छ दशमलव ६७ प्रतिशत र आठ दशमलव शून्य सात प्रतिशत रहेको थियो ।

गत फागुन महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति तीन दशमलव ६९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव १० प्रतिशत रहेको थियो । समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति क्रमशः सात दशमलव ४४ प्रतिशत, एक दशमलव ९७ प्रतिशत र एक दशमलव ६३ प्रतिशत रहेको छ ।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ९४ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ९५ प्रतिशत रहेको छ । समीक्षा महिनामा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत मरमसला उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क २८ दशमलव १७ प्रतिशत, तरकारीको १४ दशमलव शून्य सात प्रतिशत, दाल तथा गेडागुडीको ११ दशमलव २२ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको सात दशमलव ३५ प्रतिशत र दुग्ध पदार्थ तथा अण्डाको सात दशमलव ११ प्रतिशतले बढेको छ भने घ्यू तथा तेल उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क ११ दशमलव ७९ प्रतिशतले घटेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'खेलकुदको बहुआयामिक पक्षलाई आत्मसात गरौँ'

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

अन्तर्राष्ट्रिय खेलकुद दिवसका अवसरमा पोखरामा आयोजित एक कार्यक्रममा नेपाल ओलम्पिक कमिटि (एनओसी) का अध्यक्ष जिवनराम श्रेष्ठले खेलकुदको बहुआयामिक पक्षलाई सबैले आत्मसात गर्नु पर्ने बताएका छन् । नेपाल भुतपुर्व खेलाडी मञ्चले आयोजनामा बिहिबार खेलकुद सम्बन्धी गोष्ठीमा बोल्दै अध्यक्ष श्रेष्ठले उक्त कुरा बताएका हुन् ।

विकास र शान्तिका लागि खेलकुद दिवसको अवसरमा आयोजित गोष्ठीको सम्बोधन गर्दै श्रेष्ठले दिवसलाई मनाउन लुम्बिनीमा विशेष कार्यक्रमको आयोजना गरिएको बताए । 'शान्ति' भगवान् बुद्धसँग जोडिएको मात्रै नभई लुम्विनी नेपाली खेलकुदको जग समेत भएकोले उक्त दिवस लुम्बिनीमा मनाउन लागेको बताउँदै भने- "बुद्ध जन्मस्थल लुम्बिनीबाट सुरु भएको खेलकुदको इतिहासलाई समेत जोड्दै लुम्बिनीबाट शान्तीको सन्देशलाई हामी विश्व सामु पुऱ्याउन ओलम्पिक कमिटि अघि बढेको छ ।"

खेलाडीका लागि अन्तिम सपना ओलम्पिक खेल रहेको र त्यसका लागि खेलाडी योग्य भएर नहुने बताउँदै अध्यक्ष श्रेष्ठले खेलाडीले ओलम्पिकमा पदक ल्याउन समाजको समेत उत्तिकै हात हुने सुनाए । उनले भने-"खेलाडीले समाजमा जुन रुपमा पाउनुपर्ने अधिकार हो त्यो नपाउँदा ओलम्पिक सम्मको यात्रा गर्न सम्भव छैन", उनले थपे-""खेलकुद मैदानमात्र भएर हुँदैन । हामी खेल मात्र खेल्ने मानसिकताबाट माथि उठ्न जरुरी छ भने एक खेलाडी अघि बढ्न समाजपनि जोडिएको हुन्छ । विकसित समाज भएको ठाउँका खेलाडी अब्बल हुन्छन ।" ओलम्पिक मुल्य मान्यतालाई स्विकार नगरे सम्म खेलकुद विकास अघि नबढ्ने उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले सरकार र ओलम्पिक बीचको तादम्यता नमिल्दा कुनै बेला नेपाली खेलकुदले गतिरोध समेत व्यहोर्नु परेको जनाए । समाजमा अझै पनि खेलकुद अनुत्पादक क्षेत्र हो भन्ने विषयबाट अझै नेपाली समाज बाहिर निस्कन नसकेको जनाउँदै अध्यक्ष श्रेष्ठले समाजले खेलकुदका बहुआयमिक पक्षहरुको आत्मसात गर्दै यसका सवल पक्षहरु उजगार गर्न सके खेलकुदले फड्को मार्न सक्ने बताए । उनले भने-"ओलम्पिक जागरण र अभियान हो । यसले समाजमा सभ्यता र सचेतनातर्फ अघि बढाउन सहयोग पुग्छ । त्यसैले यो अभियानमा अघि बढ्न म यो अवसरमा आह्वान गर्छु ।" सोही क्रममा बोल्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले महानगरले खेलकुदमा लगानीमा प्राथमिकता दिएको बताए ।

पोखरा पर्यटकीय राजधानी भएकाले खेल पर्यटन यसको हाँगाको रुपमा रहेको उनको भनाई थियो । यस्तै नेपाल भुतपुर्व खेलाडी मञ्चका संस्थापक अध्यक्ष खड्ग रानाभाटले खेलाडीका लागि ओलम्पिक नै सबैभन्दा ठुलो उपाधि रहेकाले खेल क्षेत्रको नेतृत्वमा राजनितिकरण नगरी खेलाडीनै हुनुपर्नेमा जोड दिए । उनले खेलकुदमा हुने राजनितिले खेलाडीमाथि ठुलो अन्याय भइरहेको समेत उल्लेख गरे । कार्यक्रममा मञ्चका निवर्तमान अध्यक्ष तथा नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तेज गुरुङले प्राचिन ओलम्पिक र वर्तमान नेपाली खेलकुदको अवस्था, अन्तर्राष्ट्रिय खेलकुद दिवसको महत्वका बारेमा जानकारी गराउँदै विश्वमा शान्ती ल्याउन खेलकुद दिवसको भूमिका महत्वपूर्ण रहेको बताए ।

मञ्चका कार्यवाहक अध्यक्ष दिलबहादुर गुरुङले खेलकुदमा लगानी कम भएको गुनासो गरे । उनले ओलम्पिकसम्मको यात्रा धेरै कठिन रहेकाले यसमा राज्यको लगानी सँगै खेलकर्मीमा निश्वार्थ भावनाको आवश्यकता रहेको बताए ।

# महिला संजाल पोखरा ६ को क्षमता अभिवृद्धि तथा उद्घघोषण तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत



पोखरा महानगरपालिका वडा नम्वर ६ महिला संजाल को आयोजनामा भएको क्षमता अभिवृद्धि तथा उद्घघोषण तालिम सम्पन्न भएको छ ।

पोखरा महानगरपालिका वडा नम्वर ६ को सहकार्यमा तालिम सम्पन्न भएको हो । समापन समारोहलाई संबोधन गर्दै पोखरा महानगरपालिका वडा नम्वर ६ का अध्यक्ष विष्णु बहादुर भट्टराईले वडाले महिला तथा युवा लक्षित कार्यक्रमलाई प्राथमिकतामा राखेर कार्ययोजना बनाएको बताउनुभयो । उहाँले वडावासीको सेवा सुविधाका लागि वडा कार्यालय सधै तत्पर रहेको बताउनुभयो । वडा सदस्य पवित्रा थापाले समाज परिवर्तनमा महिलाको ठूलो भूमिका हुने भएकाले महिलाको क्षमता अभिवृद्धि हुन आवश्यक रहेको बताउनुभयो । उहाँले महिलाका लागि महिला, विकासका लागि महिला, समाजका लागि महिला भन्ने नारालाई आत्मसात गर्दै महिलाको अर्थपूर्ण सहभागीताका लागि आ आफ्नो तर्फबाट लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागीको तर्फबाट धादिङ्ग त्रिपुरा बाराही महिला समुहका सचिव रचना अधिकारी, बङ्लादी आमा समुहका उपाध्यक्ष शशी कार्की, मितरी नारी समुहका सचिव सरिता भट्टराई, नवोदित महिला समुहका उपाध्यक्ष पार्वती सुनार लगायतले बोल्नुभएको थियो । कार्यक्रमका संयोजक तथा बैदाम महिला समुहका अध्यक्ष उमा काफ्लेले तालिम उपलब्धी मुलक भएको बताउनु भयो ।

संजालका अध्यक्ष ववित मल्लको अध्यक्षतामा भएको समापन कार्यक्रममा धन्यवाद सञ्जालका द्धितिय उपाध्यक्ष तथा सजिवनी आमा समुहका अध्यक्ष भगवती वाँनिया र संचालन सञ्जालका सचिव रेणु लामिछानेले गर्नुभएको थियो ।

३ दिन सम्म संचालित तालिममा पोखरा वडा नम्वर ६ भित्रका विभिन्न आमा /महिला समुहका ५४ जना महिला दिदि बहिनीको सहभागीता थियो । तालिमको सहजिकरण रेडियो सफलताका कार्यकारी निर्देशक दुर्गा अधिकारीले गर्नुभएको थियो ।

# तेश्रो मनुश्रीरभिग्नाजित जुनियर टेनिसमा भोली सेमीफाइनलका खेल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

पोखरामा जारी तेश्रो मनुश्रीरभिग्नाजित जुनियर टेनिसमा भोली (शुक्रबार) सेमीफाइनलका खेल सञ्चालन हुने भएका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजना उक्त प्रतियोगिता पोखरा रंगशालास्थित टेनिस सेन्टरमा जारी प्रतियोगितामा दोश्रो दिन विभिन्न उमेर समुहका २१ खेलहरु सम्पन्न भए संगै भोली सेमीफाइनलका खेलहरु सञ्चालन हुने भएका हुन् ।

प्रतियोगितामा यू-१२ गर्ल्स सिंगल्समा सारा पन्त र ऐरा खत्री र अनुश्री धोजु र जिवाश्री भट्टराई समीफाइनलमा आमने सामने हुनेछन् । यू-१६ गर्ल्स सिंगल्समा आइशा म्याक्लान र सुनिरा थापा सेमीफाइनलमा भिड्नेछन् । यू-१० गर्ल्स सिंगल्समा सारा पन्त र नैरा छोडेन घले तथा ताभिसी राना र जिवाश्री भट्टराई भिड्नेछन् । ब्वाइज सिंगल्सतर्फ अर्याशराज पौडेल, सभ्याजङ्ग कार्की, बेदान्त चालिसे र निश्चल ज्ञवाली सेमीफाइनल प्रवेश गरे ।

त्यस्तै यू-१६ ब्वाइज सिंगल्सतर्फ दर्शिल श्रेष्ठ र अमन नेपाली आमने सामाने हुँदा श्रीजन भट्टराई र शाश्वत बज्रचार्य फाइनलमा स्थान बनाउन भिड्ने छन् । यू-१४ ब्वाइज सिंगल्समा सन्दिप विक र रनिश श्रेष्ठ तथा सन्दिप जीशी र स्पन्दन उदासले अन्तिम चारमा स्थान बनाएका छन् । प्रतियोगितामा यू-९ गर्ल्सतर्फ नैरा छोडेन घले र समृद्धि खत्री तथा जियोभानी केसी र ताभिसी राना एक अर्का बीच भिड्नेछन् भने ब्वाइजतर्फ जसन गुरुङ र जिवस विक्रम भट्टराई तथा सोनाम छिरिङ घले र इभान भट्टराईले अन्तिम चारमा आफ्नो स्थान पक्का गरे । उनीहरु भोली एक अर्काको सामना गर्नेछन् ।

त्यसै गरी यू-८ गर्ल्स सिंगल्समा अमिरा जिशी र श्रेयाश्री पाण्डे उपाधिका लागि भिड्दा यू-१२ व्वाइज सिंगल्समा विश्व विशेष डल्लाकोटी र निश्चल ज्ञवाली तथा अर्याशराज पौडेल र सभ्याजङ्ग कार्की अन्तिम चारमा भिड्नेछन् । यू-१६ गर्ल्सतर्फ सुनिरा थापा र आयशा म्याक्लान तथा आरुषी तुलाचन र दिव्यता भण्डारी सेमीफाइनलमा एक अर्का बीच भिड्नेछन् । प्रतियोगिता अन्तर्गत गर्ल्स ओपन डबल्समा शाल्भी र आरुषीको जोडीले आर्शीया स्वाराको जोडी आमनो सामने हुनेछन् भने दोश्रो खेलमा आहना र आयशाले शरिसा र ग्रिस्मा अन्तिम चारमा भिड्नेछन् । त्यसै गरी ब्वाइज डबल्समा अमन र सूयाशंको जोडीले यूवेन र स्पन्दन उदासको जोडी भिड्दा दोश्रो सेमीफाइनलमा सन्दिप र दोजेन गुरुङको जोडीले प्रफुल श्रेष्ठ र सुभनको जोडीको सामना गर्नेछन् । चेत्र २५ गते सम्म पोखरा रंगशालास्थित टेनिस कोर्टमा सञ्चालन हुने प्रतियोगितामा कुल १४ वटा इभेन्टमा ब्वाईजतर्फ ४० र गर्ल्सतर्फ ३० गरी कुल ७० जना खेलाडीहरुले प्रतिस्पर्धा जनाएका छन् । प्रतियोगितामा यू-८, यू-९, यू-१०, यू-१२, यू-१४ र यू-१६ ब्वाइज तथा गर्ल्स सिंगल्सका साथै ओपन ब्वाईज तथा गर्ल्स डबल्समा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा जनियर नेपाल ऱ्याकिङ खेलाडीहरुको सहभागिता छ भने करिव २ लाख ३१ हजार पुरस्कार राशीमा खर्च हुने कास्की टेनिसले जनाएको छ । प्रतियोगितामा यू-१२ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले जनही नगद रु १० हजार तथा उपबिजेताले जनही नगद रु ५ हजार सहित मेडल प्राप्त गर्नेछन् । यू-१४ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु १५ हजार, उपबिजेताले समान जनही नगद रु ७ हजार ५ सयसहित मेडल प्राप्त गर्नेछन् । यू-१६ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजार तथा ब्वाईज तथा गर्ल्स ओपन डबल्सतर्फ बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजारसहित मेडल प्राप्त गर्नेछन् । त्यस्तै यू-८, यू-९ र यू-१०, ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेता तथा उपबिजेताले नगद समान रु ४ हजार र २ हजारसहित मेडल प्राप्त गर्ने छन् ।

प्रतियोगितामा पोखरा, बुटवल, काठमाण्डौ र चितवनका खेलाडीहरुको सहभागिता छ । प्रतियोगिता विभिन्न उमेर समुहका नेपाल ऱ्याकिङ्ग आयर्शराज पौडेल, शाल्भी शेरचन, इभान भट्टराई, जिवाश्री भट्टराई, जिवाश भटट्राई, दर्शिल श्रेष्ठ, जियोभानी केसी, शास्वत बज्रचार्य, शिर्जन भट्टराई, सन्दिप विक, इलेश गौतम, निश्चल ज्ञवाली, विशेष विश्व डल्लाकोटीले विभिन्न इभेन्टमा प्रतिस्पर्धामा छन् । प्रतियोगिता सम्पन्न गर्न करिव ४ लाख खर्च हुनेछ । प्रतियोगितालाई कुमार श्री मोहन बहादुर शाहीले मुख्य प्रायोजन गरेका छन् । उनले विगत तीन वर्ष देखि आफ्ना नाती-नातीनाको नाममा उक्त प्रतियोगितामा प्रायोजन गरेका हुन् ।

# सिरुवारीमा ओटेफको गाउँ पर्यटन विषयक अन्तरक्रिया सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत



महिला पर्यटन व्यवसायी मञ्च(ओटेफ)ले दक्षिण एशियाकै पहिलो पर्यटकीय गाउँ सिरुवारीमा "गाउँ पर्यटन प्रवर्द्धनका लागि समुदायको सहभागिता" विषयक अन्तरक्रिया सम्पन्न गरेको छ ।

पर्यटन व्यवसायी, सञ्चारकर्मी सहित बुधबार सिरुवारी पुगेको टोलीले विहिबार आँधिखोला गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, स्थानीयवासीसँग अन्तरक्रिया गरिएको ओटेफका अध्यक्ष उमा रेग्मीले जानकारी दिनुभयो । पर्यटन व्यवसायमा लागेका महिलाको क्षमता अभिबृद्धिसँगै विभिन्न पर्यटकीय गाउँमा वार्षिक रुपमा नै प्रवर्द्धनात्मक कार्यक्रमहरू गर्दै आइएको उहाँले बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा आँधिखोला गाउँपालिका वडा नं १ का वडा अध्यक्ष पवनकाजी अधिकारीले नेपालमै घरवास(होमस्टे) पर्यटनको सुरुवात भएको सिरुवारीको मौलिकता कायम गर्दै जानुपर्नेमा जोड दिनुभयो । पछिल्ला समयमा ग्रामिण वस्तीहरू खाली हुँदै जाने राष्ट्रिय समस्या यहाँ पनि रहेको उल्लेख गर्दै उहाँले बढ्दो मानव पलायनलाई रोक्ने विषय आँफूहरूको प्राथमिकतामा रहेको बताउनुभयो ।


होमस्टेको प्रवर्द्धनसँगै पिकनिकस्पोट, सडक लगायतका आवश्यक पर्यटकीय पूर्वाधारलाई जोड दिइएको बताउँदै उहाँले ओटेफले सिरुवारीमा पर्यटन प्रवर्द्धन लक्षित कार्यक्रम आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । आँधिखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज अधिकारीले पर्यटन राजधानी घोषणा भएको पोखराको पर्यटनलाई सिमित दायारामा नराखी आसपासका पर्यटकीय गन्तव्यलाई समेट्नुपर्ने बताउनुभयो । पछिल्ला समयमा गाउँबाट बजार, बजारबाट विदेश पलायन हुने क्रम बढीरहेको बताउँदै उहाँले त्यसलाई रोक्ने किसिमका कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो । गाउँ पर्यटनको विकासका लागि स्थानीय मौलिक संस्कृतिको जगेर्नासँगै उत्पादनमा जोड दिनु आवश्यक भएको उहाँको भनाइ छ । सिरुवारी सामुदायिक होमस्टेका अध्यक्ष मोहनबहादुर गुरुङ(जितेन्द्र) ले ओटेफले प्राथमिकताका साथ सिरुवारीलाई कार्यक्रममा समेटेकोमा धन्यवाद व्यक्त गर्नुभयो । सबैको साथ र सहयोगले सिरुवारी गाउँ पर्यटनको गन्तव्य बनेको बताउँदै उहाँले यसको मौलिकतालाई जोगाउने विषयलाई आँफूहरूले सँधै आत्मसात गर्ने धारणा राख्नुभयो । महिला पर्यटन व्यवसायी मञ्च(ओटेफ) का अध्यक्ष उमा रेग्मीको अध्यक्षता एवम् सचिव सर्मिला न्यौपानेद्वारा सञ्चालित कार्यक्रममा संस्थापक अध्यक्ष जमुना पराजुली, कार्यक्रम संयोजक मञ्जु भट्टराई, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष एवम् ओटेफका सल्लाहकार जमुना वर्षा शर्मा, राष्ट्रिय समाचार समिति(रासस) गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेल लगायतले घरवास पर्यटनको नमुना गाउँ सिरुवारीले आगामी दिनमा पनि यसको गरिमा र महत्वलाई जोगाउने गरी अघि बढ्नु जरुरी रहेको बताउनुभयो ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# वाइडबडी जहाजको भ्रष्टाचार

धेरै चर्चामा आउने गरेको वाइडबडी विमान खरिदमा भएको भ्रष्टाचार काण्ड अब विशेष अदालतमा पुगेको छ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विहीबार ३२ जनाभन्दा बढीलाई प्रतिवादी बनाएर वाइडबडी विमान खरीद प्रकरणको घोटालाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। राजनैतिक नेतृत्व देखि कर्मचारीसम्म घोटलामा मुक्षिएका छन। अख्तियारले दायर गरेको मुद्दामा केही सिनियर पाइलटहरु पनि परेका छन् । पूर्वमन्त्री जीवन बहादुर शाही, निगमका पूर्वसञ्चालक समिति सदस्य र पूर्वकर्मचारी मात्र छैनन्, पर्यटन मनत्रालयका बहालवाला सहसचिव र अन्य कर्मचारी पनि मुक्षिएका छन् । देशको राष्ट्रिय ध्वाजाबाहक वायु सेवा निगमलाई कसरी टाट पल्टाउन खोजिएको छ भन्ने देखाएको छ ।

आम नागरिकको गाँस काटेर जम्मा गरिएको नागरिक लगानी कोष र कर्मचारी सञ्चयकोषको समेत अर्बौं रुपैयाँ विमान खरीदका नाममा घोटाला गरेर टाट पल्टाइएको यो प्रकरणमा अख्तियारले चालेको कदम सुशासनका लागि सकारात्मक कदम नै हो । अख्तियारले ज-जसलाई यसमा प्रतिवादी बनाएको छ, त्यसले कतिपय जिम्मेवार व्यक्तिहरु छुटेका त होइनन् भन्ने प्रश्न पनि सँगसँगै जन्माएको छ । पूर्वपर्यटनमन्त्री जीवनबहादुर शाहीलाई विपक्षी बनाउँदै गर्दा उनी मन्त्री रहेका बेला सरकारको नेतृत्वमा रहेका तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई जिम्मेवार बनाउने कि नबनाउने ? यो प्रश्न पनि सँगसँगै उठेको छ । वाइडबडी विमान खरीद आफ्नो पालामा नभएर केपी ओली प्रधानमन्त्री भएका बेला गरिएको कांग्रेस सभापति शेरबहादुर देउवाको आरोप जीवन बहादुर शाही मन्त्री भएको बेला गरिएका निर्णयले खण्डित गरेको छ ।

वाइडबडी विमान खरीद प्रकरणमा मन्त्रालय र वायु सेवा निगम मात्रै जोडिएको देखाउनु गहिराईमाा नजानु हो । जसका पालामा भए पनि मन्त्रिस्तरको निर्णयबाट त्यत्रो घोटाला भएको हो भने सरकारले गरेको काममा तत्कालीन प्रधानमन्त्री नैतिकरुपमा जिम्मेवार हुने कि नहुने ? यो प्रश्न बालुवाटार प्रकरणदेखि नै उठिरहेको छ । किनभने, क्याबिनेटले गरेको निर्णयमा बालुवाटार प्रकरणमा मन्त्री र कर्मचारीलाई दोषी बनाइयो तर प्रधानमन्त्रीहरुलाई जवाफदेही बनाइएन । अहिले वाइडबडीमा पनि अख्तियारले त्यही नजिर अवलम्वन गरेको छ । विशेष अदालतमा मुद्दा दायर गरिसकेपछि अख्तियारले जारी गरेको विज्ञप्तिमा बाइडबडी विमान किन्ने निर्णय कुन मितिको मन्त्रिस्तरको निर्णय थियो भन्ने कुनै तिथिमिति उल्लेख गरेको छैन ।

कर्मचारी सञ्चयकोष कार्यालयसँग नेपाल वायुसेवा निगमले ०७४ जेठ २८ मा विमान खरीदका लागि ऋण सम्झौता गरेको थियो । कोषबाट १२ अर्बको ऋण प्रवाह भएको थियो । तर, निगमले ब्याज तिरेन जसले गर्दा ब्याजलाई समेत पुँजीकरण गर्दा तीन-चार वर्षमै सावाँ रकम बढेर १४ अर्ब १५ करोड पुग्यो । अहिले त्यो ऋण थप चलिएको स्थिति छ । यो अवधि भनेको शेरबहादुर देउवा कामचलाऊ प्रधानमन्त्री रहेका बेलाको हो । त्यसअघि २०७० असार ४ मा पनि ए-३२० न्यारोबडी एयरबस दुईवटा खरीदका लागि नेपाल सरकारको १० अर्ब जमानीमा सञ्चय कोष र निगमबीच ९ अर्ब ९८ करोड ११ लाख १७ हजार रुपैयाँको ऋण सम्झौता भएको थियो । त्यसबेला खिलराज रेग्मी प्रधानमन्त्री थिए । रेग्मीले ०७९ चैत १ देखि ०७० माघ २८ सम्म सरकार चलाएका थिए । निगमले सञ्चय कोषबाट लिएको ऋणको दायित्व ०७८ असार मसान्तसम्म १५ अर्ब ३४ करोड ७८ हजार पुग्यो । विमान किन्न दुबै कोषबाट लिइएको ऋणको कुल दायित्व ०७८ असार मसान्तसम्म आइपुग्दा २६ अर्ब ४९ लाख पुगेको महालेखाको प्रतिवेदनले औंल्याएको छ ।

# तनहुँका मकैबारीमा फौजी कीराको समस्या

**पोखरापत्र संवाददाता**
दमौली, २२ चैत

जिल्लाको आँबुखैरेनी गाउँपालिका-२ ढापटारमा मकैमा फौजी कीरा लागेको पीडित किसानले बताएका छन् । ढापटारका किसानले लगाएको मकैमा फौजी कीराको समस्या भएको हो ।

फौजी कीराले मकैमा क्षति भएको स्थानीय किसान लक्ष्मण थापा क्षेत्रीले जानकारी दिनुभयो । फौजी कीराले मकैका पात, गुभोमा क्षति पुगेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "यस क्षेत्रको करिब ४५ रोपनी क्षेत्रफलमा फौजी कीराको समस्या देखिएको छ, गाउँपालिकाको सहयोगमा विषादी प्रयोग पनि भएको छ ।" आँबुखैरेनी गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले प्राविधिकको टोलीले बारीमै पुगेर विषादी छरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हालसम्म गाउँपालिकाको वडा नम्बर २ ढापटारमा समस्या देखियो, जानकारी पाउनेबित्तिकै हामीले कीटनाशक औषधि छरेर किसानलाई यसबारेमा सचेत पारेका छौं ।" विषादी प्रयोगबारे जानकार किसानले रोग नियन्त्रण गरिरहेका छन् । रोग नियन्त्रणका लागि जैविक विषादी झोल (निम, खुर्सानी, तितेपानी, लसुन, असुरो) प्रयोग गर्न सकिने केसीले बताउनुभयो । मसिनो माटो, बालुवा, काठको धुलो, खरानी हालेर पनि कीरा नियन्त्रण गर्न सकिने उहाँले जानकारी दिनुभयो ।

# ढोरपाटनमा नाउर र झारलको धमाधम सिकार

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ चैत

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा अहिले विदेशी सिकारी सिकार खेल्न व्यस्त छन् । दोस्रो सिकार याममा ढोरपाटन आरक्ष क्षेत्रमा धमाधम सिकार भइरहेको छ । यस याममा ११ नाउर, सात झारल र चार बँदेलको सिकार हुँदैछ ।

यस वर्षको दोस्रो सिकार याम सुरु भएसँगै केही विदेशी सिकारी सिकार खेलेर फर्केका छन् । केही सिकारी आरक्षभित्र सिकार खेल्न व्यस्त छन् भने केही सिकारी आउने क्रममा छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले वैशाखका लागि ११ नाउर र सात झारलको सिकार गर्न अनुमति दिएको थियो । ढोरपाटन सिकार आरक्ष कार्यालयका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडलेले यस वर्षको दोस्रो सिकार याममा ११ नाउर र सात झारलको सिकार अनुमति दिएकामा केही सिकार भइसकेको बताउनुभयो ।

आरक्षले दोस्रो याममा चार बँदेलको सिकारका लागिसमेत अनुमति दिएको छ । कँडेलका अनुसार अनुमति पाएका सिकारीले नाउर, झारल र बँदेल गत फागुन १८ गतेदेखि वैशाखको दोस्रो सातासम्म सिकार गर्न आरक्ष खुल्ला गरिएको हो । सिकारका लागि नेपाली सहयोगीका साथ विदेशी व्यावसायिक सिकारी ढोरपाटन आरक्षमा आउनेजाने क्रम चलिरहेको छ । त्यसमध्ये केही विदेशी सिकारी सिकार खेलेर फर्केका छन् भने केही सिकारी आरक्षतर्फ आएका छन् । अन्य सिकारी आउने तयारीमा रहेको कँडेलले बताउनुभयो । "यस वर्ष आरक्षमा सूचीकृत कम्पनीमध्ये पाँच कम्पनीमार्फत अमेरिका, रसिया, स्पेन, उज्बेकिस्तान, मेक्सिको र बुल्गेरियाका सिकारीले सिकार खेल्न अनुमति पाएका थिए ", कँडेलले भन्नुभयो । यस वर्ष प्रतिस्प्रर्धामा स्पेनका तीन, अमेरिकाका दुई, बुल्गेरियाका दुई, रसियाका दुई, मेक्सिकोका एक र उज्बेकिस्तानका एक सिकारी सिकारका लागि छनोट भएका थिए । उनीहरूले बन्दोबस्तीका सामग्री फागुन १८ गतेपछि सिकार आरक्षमा वैधानिकरूपमा आफूले प्राप्त गरेको कोटाका आधारमा सिकार खेल्न सक्नेछन् । सिकार खेल्न नेपाली सहयोगीसहित आरक्षका कर्मचार ीसमेत विदेशी सिकारीको साथमा खटिने गर्दछन् । सिकारीका लागि आवश्यकबन्दोबस्तीरमार्गनिर्देशनका लागि ढोरपाटन सिकार आरक्ष कार्यालय आफ्ना कर्मचारी तथा सिकारीका भरिया सम्बन्धित ब्लकमा पठाइएको छ । विभागले हरेक वर्ष नाउर र झारलका लागि कोटा निर्धारण गर्ने गरेको हुन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यस वर्षको पहिलो सिकार याम असोज-मङ्सिरका लागि आठ नाउर, चार झारल र आठ बँदेलको सिकार खेल्न अनुमती दिएको थियो । विभागले बोलपत्रमार्फत विश्वका धनाढ्य सिकारीबीच प्रतिस्पर्धा गराएर सिकार खेल्न अनुमति दिने गरेको छ । बोलपत्रमार्फत एउटै नाउर सिकार खेल्न सिकारीले रु आठ लाखदेखि रु १८-२० लाखसम्म तिर्ने गरेकोसमेत तथ्याङ्क छ । सिकारका लागि आरक्षको क्षेत्रलाई सेङ्ग, बार्से, दोगाडी, घुस्तुङ, सुर्तिवाङ, सुनदह र फागुने सात ब्लकमा विभाजन गरिएको छ । ढोरपाटन क्षेत्रमा बर्सेनि (असोज-मङ्सिर) पहिलो याम र (फागुन-वैशाख)मा दोस्रो याम गरी दुई चरणमा सिकार हुँदै आएको छ । खर्चिला र साहसी सिकारीले विकटमा रहेका 'ब्लक'मा सिकार खेल्न रुचि राख्ने गरेको सिकार आरक्ष कार्यालयले जनाएको छ । यसपटकको सबैभन्दा बढी सिकार घुस्तुङ, दोगाडी र सेङ्ग ब्लकमा हुनेछन् । विदेशी सिकार ीसहितको समूहले १५ दिनभित्र सिकार खेलिसक्नुपर्ने हुन्छ । जङ्गलमै बास बिताउने सिकारीले आरक्ष प्रवेश गरेको १५ दिनभित्र सिकार खेल्न नसके रित्तो हात फर्कनुपर्ने नियम छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक सिकार याममा विद्युतीय बोलपत्र आह्वान गरेर सिकारको कोटा र राजस्व दर निर्धारण गर्छ । साहसिक यात्रा र रोमाञ्चक सिकार अनुभवका लागि ढोरपाटन विदेशीको आकर्षक गन्तव्य बनेको छ । नाउर, झारलको मूल्य, ब्लक रिजर्भ, लाइसेन्स, हेलिकप्टर सबै बन्दोबस्तीको सामग्री तयार गर्दा एक सिकारीले करिब रु २० देखि ३० लाखसम्म खर्च गर्ने गरेको ढोरपाटन सिकार आरक्ष कार्यालयले जनाएको छ । विसं २०४४ मा स्थापना भएको सिकार आरक्ष पूर्वीरुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको भए पनि आरक्षको मुख्य कार्यालय भने बागलुङको ढोरपाटन उपत्यकामा पर्छ । सिकार आरक्षको सुरक्षाका लागि २०७३ सालदेखि नेपाली सेनाको गुल्म बस्दै आएको छ । सेनाले आरक्षको सुरक्षा दिन थालेपछि चोरी सिकारीमा कमी आएको छ । आरक्षमा यसपटक नेपाल वाइल्डलाइफ एडेभेन्चर, हिमालय सफारिज, ग्लोबल सफारिज, नेपाल ट्राभल एक्पेडिसन र ओपन नेपाल वाइल्डलाइफ सफारिजमार्फत सिकारीले सिकार खेल्न अनुमति पाएका हुन् ।

# अख्तियारमा उजुरी बढे

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ चैत

अनियमितता, भ्रष्टाचारजन्य आरोपमा पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी बढेका छन् ।

जिल्लामा चालु आर्थिक वर्षमा मात्रै ५५ उजुरी अख्तियारमा दर्ता भएका छन् । बुधबार रघुगङ्गा गाउँपालिकामा आयोजित भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा सहकार्य विषयमा पालिकास्तरीय अन्तर्क्रिया कार्यक्रममा अख्तियारको पोखरा कार्यालयका प्रमुख आस्मान तामाङले सरकारी कार्यालय र सार्वजनिक पदमा रहेका व्यक्ति जिम्मेवार र जवाफदेही नहुँदा उजुरीको सङ्ख्या बढ्दो क्रममा रहेको जानकारी दिनुभयो ।

उहाँले अख्तियारमा उजुरीको सङ्ख्या बढे पनि वास्तविकता र प्रमाणमा आधारित उजुरी कम पर्ने भएकाले अख्तियारमा पर्ने १० देखि १५ प्रतिशत उजुरीमात्रै अनुसन्धानमा योग्य हुने गरेको बताउनुभयो । "भ्रष्टाचार नियन्त्रण गर्न त्यस्ता कार्यमा संलग्नमाथि उजुरी पर्नु राम्रो पक्ष हो, तर अधिकांश मुद्दा व्यक्तिगत असहमति र प्रमाणविहीन खालका पनि आउने गरेका छन्, एउटै उजुरीलाई धेरै वटा निकायमा दिने प्रवृत्ति पनि छ", उहाँले भन्नुभयो ।

जिल्लामा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका २१ र चालु आर्थिक वर्षमा दर्ता हुन आएका ५५ उजुरी अनुसन्धानकै क्रममा रहेको कार्यालय प्रमुख तामाङले बताउनुभयो । म्याग्दीमा विद्यालय, स्वास्थ्य चौकी भवन, जलविद्युत्, सडक, पदमार्ग, सार्वजनिक जग्गा अतिक्रमण, अनुदान वितरण, सामग्री खरिद, प्रशासनिक खर्च, पूर्वाधार योजना, सामाजिक सुरक्षा भत्तालगायतका विषयमा अख्तियारमा उजुरी परेको जनाइएको छ । जिल्लाका छ स्थानीय तहसित सम्बन्धित ४३ उजुरी परेका छन् । कार्यालयका अनुसार मङ्गला गाउँपालिकामा १२, मालिका गाउँपालिकामा ११, रघुगङ्गा गाउँपालिकामा नौ, बेनी नगरपालिकामा छ, अन्नपूर्ण गाउँपालिकामा तीन र धवलागिरि गाउँपालिकामा दुई उजुरी दर्ता भएका हुन् । अख्तियारले स्थानीय तहलाई बजेट खर्चमा पारदर्शिता र प्रक्रियाको पूर्णपालना गर्दै कार्यान्वयन गर्न सुझाव दिएको छ । कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखरा कार्यालयका प्रमुख तामाङले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनको सन्दर्भमा सहजीकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा रघुगुगा गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले दुःख दिने नियतले उजुरी दिने प्रवृत्तिले स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले झन्झट व्यहोर्नुपरेको गुनासो गर्नुभयो ।

# पौडेल वंश महासंघ नेपाल गण्डकी प्रदेशको अधिवेशन हुदै

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

'पौडेल थर, हाम्रो साझा घर' भन्ने मुल नारासहित पौडेल वंश महासंघ नेपाल गण्डकी प्रदेशको दोस्रो अधिवेशन पोखरामा हुदैछ ।

यही चैत २४ गते पोखराको न्यूरोडमा अवस्थित सिटी पार्टी प्यालेस दिपसागर होटलमा सो अधिवेशन हुने भएको हो । नयाँ नेतृत्व चयनका लागि अधिवेशन हुन लागेको महासंघका गण्डकी प्रदेश सचिव एवं अधिवेशन संयोजक रामजी पौडेलले जानकारी दिनुभयो । नयाँ नेतृत्व चार बर्षको लागि चयन हुने उहाँले बताउनुभयो । यस अधिवेशनमा गण्डकी प्रदेशका नौ वटा जिल्ला समितिबाट करिब ३ सय जनाको सहभागिता रहने संयोजक पौडेलले बताउनुभयो ।

अध्यक्ष सहित १७ जनाको एक कार्यसमिति गठन गरिनुका साथै विभिन्न ५ वटा उपसमिति गठन गरिने महासंघका केन्द्रिय अध्यक्ष हरिराम पौडेलले जानकारी दिनुभयो । जसमा वंशावली संकलन उपसमिति, कुलपुजा विधि संकलन उपसमिति, स्वास्थ्य सचेतना उपसमिति, अक्षयकोष, मुठीदान उपसमिति र महिला तथा बालबालिका उपसमिति रहेका छन् । सो दिन उपसमिति गठनसँगै संयोजक पनि त्यही बेला तोकिने केन्द्रिय अध्यक्ष पौडेलले बताउनुभयो । केन्द्रिय वंशावली संघका संयोजक एवं केन्द्रिय सदस्य प्रा.डा कृष्ण पौडेलले ६० वटा पुजा समिति रहेकोमा केन्द्रको अधिवेशनपछि २५ वटा समिति थप भएको बताउनुहुदै थपिने क्रम जारी नै रहेको बताउनुभयो । विभिन्न ठाउँमा छरिएर कुल पुजा गर्दै आउनुभएका पौडेल संस्था, सबै यस पौडेल वंश महासंघ नेपालमा आवद्ध हुन आह्वन समेत गरेको छ । गएको पुस २७ र २८ गते कोहलपुरमा भएको पौडेल वंश महासंघ नेपालको दोस्रो अधिवेशनबाट हरिराम पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको थियो ।

# कांग्रेसबाट इलाममा खड्का र बझाङको प्रदेश 'क' मा सिंह उम्मेदवार

**रासस**
काठमाडौं, २२ चैत

सङ्घीय संसद्को सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेसले उपनिर्वाचनको लागि पार्टीको उम्मेदवार टुङ्गो लगाएको छ ।

पार्टीका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा निवास बुढानीलकण्ठमा आज बसेको पार्टी संसदीय बोर्ड र कार्यसम्पादन समितिको बैठकले ईलाम-२ र बझाङ क्षेत्र नं १ प्रदेश 'क' मा हुन लागेको उपनिर्वाचनमा पार्टीका तर्फबाट उठाउने उम्मेदवारको टुङ्गो लगाएको हो । पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले ईलाम क्षेत्र नं २ मा डम्बरबहादुर खड्का र बझाङ क्षेत्र नं १ प्रदेश 'क' मा अभिषेकबहादुर सिंहको नाम टुङ्गो लगाएको जानकारी दिनुभयो । कांग्रेसले आगामी वैशाख १५ गते सम्पन्न हुने उपनिर्वाचनमा इलाम जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ को लागि नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ३२(८) बमोजिम खड्का र बझाङ जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा निर्वाचन क्षेत्र नं १ को लागि विधानको धारा ३२ (७) बमोजिम सिंहलाई उम्मेदवार बनाएको हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


## सार्वजनिक सूचना

म्याग्दी जिल्ला वरंजा-३ बस्ने तेज बहादुर खड्काको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. १०७४२,१०७४४ को क्षेत्रफल १६६.९२ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व १०४८४,१०४८२ , पश्चिम- ११४७२, ११४७४, दक्षिण १०४७७, १०४७८ कित्ताका सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १५ स्थित वानिया मार्ग बाटो निर्माण गर्दा तपशिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानाकारीका लागि यो सार्वजनिक सूचना गरिएको छ ।

योजनाको नाम : वानिया मार्ग बाटो निर्माण
ठेगानाः पोखरा-१५
योजना सम्झौता मिति : २०८०/१०/२५ गते
योजना सुरु मिति :२०८०/११/०१ गते
योजना सम्पन्न हुने मितिः २०८१/०१/१५ गते
योजना सम्पन्न भएको मिति :२०८०/१२/२२ गते
योजनाको कुल लागत : रु.५,५५,५५६।-
महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम : ५,००,०००।-
उपभोक्ता समितिबाट : ५५,५५६।-
कुल जम्मा खर्च : ५,५५,९४३।-
उपभोक्ता समिति अध्यक्ष : ज्ञानु थापा बानिया, उपाध्यक्ष : सृजना तिमिल्सिना, सचिवः सुशिला गिरी, कोषाध्यक्ष : इन्द्रा कुमारी क्षेत्री सदस्यः धन कुमारी आले, विन्दु वानिया, सन्तोष वानिया
अनुगमन समिति संयोजकः तोरण वहादुर वानिया वडा अध्यक्ष

**वानिया मार्ग बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१५**

# काभ्रेभिरको सडकमा 'रक एङ्करिङ'

सन्तोष गौतम
म्याग्दी, २२ चैत/रासस

काभ्रेभिरमा पुग्दा बेनी–जोमसोम सडकमा यात्रा गर्ने धेरैजसो यात्रुको मुटु काम्ने गर्छ । म्याग्दी र मुस्ताङको सिमानामा रहेको करिब दुई किलोमिटर दूरीको काभ्रेभिर, बादरजुङभिर र घोप्टेभिर क्षेत्र बेनी–जोमसोम–कोरला सडकको सबैभन्दा जोखिमयुक्त मानिन्छ ।

चीन र भारत जोड्ने सबैभन्दा छोटो दूरीको, राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दीको काभ्रेभिरदेखि मुस्ताङको घाँसासम्म अक्करे पहाड छिचोलेर मार्ग खोलिएको सडकमा ढुङ्गाको पहिरो खस्ने र कालीगण्डकीको कटानको समस्या छ ।

सडकमुनिको पहाडको फेदीमा बग्ने कालीगण्डकीले बनाएको अन्धगल्छी संसारकै गहिरो खोच हो । विसं २०६३ मा नेपाली सेनाले मार्ग खोलेको यो ठाउँमा धेरैपटक सवारीसाधन खस्ने, गुडिरहेको सवारीसाधनमा भिरबाट ढुङ्गा, पहिरो खसेर जनधनको क्षति हुने गरेको छ । साँघुरो अवस्थामा रहेको काभ्रेभिरको सडकलाई फराकिलो र स्तरोन्नति गरेर सुरक्षित बनाउन 'रक एङ्करिङ/रक नेलिङ' प्रविधिको प्रयोग गरिएको बेनी–जोमसोम–कोरला सडक योजनाका सूचना अधिकारीसमेत रहनुभएका साइट इञ्जिनीयर विष्णु चापागाईले बताउनुभयो । "तल बग्ने कालीगण्डकीले बनाएको खोंच र विस्फोटक पदार्थको प्रयोग गरी भित्ता काटेर सडक फराकिलो बनाउँदा पहाड थर्किएर कमजोर हुने र थप पहिरो खस्ने जोखिम देखिएपछि रक एङ्करिङ गर्न थालेका हौँ", उहाँले भन्नुभयो, "सडकमुनिको पहाडमा ड्रिलिङ गरेर रड राखी, कङ्क्रिट गरेर पक्की पर्खाल निर्माण गरी डिलतर्फ सडक फराकिलो बनाउने काम सुरु गरिएको छ ।" मजदुरहरूले डोरीमा झुण्डिएर ड्रिलिङ गरेर पहाडमा पर्खालको बेस (जग) बनाएका छन् । रक एंकरिङ गर्न १०० मिटर लम्बाइको दूरीमा ड्रिलिङ गरेर फलामको रड राख्ने प्वाल बनाइएको छ । थप ५० मिटरमा ड्रिलिङ गर्न बाँकी छ । रक एङ्करिङ गर्नुपर्ने ठाउँको ३ दशमलव ५ मिटर फराकिलो सडकमा हाल एकतर्फी सवार ासाधन चल्ने गरेकामा दुईतर्फी बनाउन सातदेखि आठ मिटर फराकिलो बनाउन लागिएको हो । नाली, खोल्सा र सडकको पानी व्यवस्थापन गर्न ह्युमपाइपबाट बगाउने गरी नक्साङ्कन गरिएको छ । यो क्षेत्रमा विस्फोट पदार्थको प्रयोग गरी एक हजार छ सय मिटर सडकलाई आठ मिटर फराकिलो बनाएर ढलान गरिएको छ । धेरै 'रक फल' हुने भएकाले डिबिएसडी प्रविधिको कालोपत्र सडक नटिक्ने देखिएपछि ढलान गरिएको हो । ढलान गरिएको ठाउँमा पनि भिरबाट खसेका ठूला ढुङ्गाले क्षति पुऱ्याएको छ । डिलतर्फ सुरक्षाका लागि छेकबार लगाउने योजना छ ।

सम्झौताअनुसार ढलानको काम सकिएको निर्माण कम्पनी शर्मा–गजुरमुखीले जनाएको छ । डिजाइनका क्रममा पहिरो सडक विस्तारपछि उत्पन्न हुने पहिरो नियन्त्रणको काम समावेश नभएकाले अध्ययन र थप बजेटको माग गरिएको बेनी–जोमसोम–कोरला सडक योजनाका प्रमुख ध्रुव भाले बताउनुभयो । "सडक निर्माणपछि सिर्जना भएका नयाँ पहिरोको विस्तृत सर्वेक्षणको लागि रु ८० लाख बजेटका लागि सङ्घीय सरकारसँग प्रस्ताव गरिएको छ", उहाँले भन्नुभयो । आयोजनाले पहिरो ग्रस्त काभ्रे–घाँसा खण्डमा सडकको विकल्पमा सुरुङ मार्ग बनाउन सडक विभागलाई प्रस्ताव गरेको थियो । गण्डकी प्रदेश सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममै घोषणा गरेको काभ्रे–घाँसालगायत पाँच वटा सुरुङमार्गको सम्भाव्यता अध्ययनका लागि बिनियोजन गरेको रु. ४० लाख बजेट पनि हालसम्म कार्यान्वयन भएको छैन् । यसअघि २०७७ को वर्षायाममा खहरेखोला र रुप्सेखोलामा आएको बाढीले निर्माणाधीन पुलको संरचनामा क्षति पुऱ्याएको थियो । पुलको ठेक्का तोडिएको छ । रुप्सेमा बेलिब्रज निर्माण गरेर यातायात सञ्चालन भएको छ ।

सो ठाउँमा थप कटान हुन नदिन र सडक सुरक्षाका लागि पर्खाल बनाउन २०० मिटर क्षेत्रमा कालीगण्डकीलाई डाइभर्सन गरिएको आयोजनाले जनाएको छ । काभ्रे–घाँसा खण्डको बाजुजुङ्गा/घाँसा बगर क्षेत्रमा कालीगण्डकी नदीले सडकमुनिको करिब सय मिटर टेवा पर्खाल भत्काएपछि आठ मिटर फराकिलो सडकलाई तीन मिटर साँघुरो बनाएको छ ।

विसं २०७४ मा शर्मा–गजुरमुखी जेभीले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको तातोपानीदेखि मुस्ताङको थासाङ गाउँपालिकाको कैकुखोला खण्डको १७ किलोमिटर सडक कालोपत्रसहित स्तरोन्नति गर्ने ठेक्का सम्झौता गरेको थियो । २०७६ चैतमा कोरोना महामारी फैलिएपछि सुस्ताएको यस खण्डमा २०७७ असार र साउन महिनाको पहिरोको तथा कालीगण्डकी नदीको कटानका कारण क्षति पुगेपछि निर्माण कार्य प्रभावित बनेको थियो ।

अधुरो सडक निर्माणको कामलाई पूर्णता दिन लागिएको बेनी–जोमसोम–कोरला सडक योजनाका सब–इञ्जिनियर गणेशमान श्रेष्ठले बताउनुभयो । "पहिरो र कटानबाट क्षतिग्रस्त बाहेकका ठाउँमा चालु आवभित्रै सडक निर्माणलाई पूर्णता दिने लक्ष्यसहित निर्माण व्यवसायीलाई उपकरण, मजदुर परिचालन गर्न लगाएका छौँ," उहाँले भन्नुभयो "कैक्कु खोलादेखि घाँसासम्म करिब दुई किलोमिटरमा डिबिएसडी प्रविधिको कालोपत्र भइसकेको छ ।" सडकमा खसेको पहिरो पन्छाउने, नाली, पर्खाललगायत संरचना निर्माणलाई तीव्रताका साथै कालोपत्रका लागि आवश्यक पर्ने गिट्टी, बेस, सबबेस, बिटुमिन, चिप्सलगायत सामग्री व्यवस्थापनमा जुटेको शर्मा–गजुर मुखीका आयोजना व्यवस्थापक नरेन्द्र न्यौपानेले बताउनुभयो । २०७६ मा निर्माण सकिनुपर्ने यो सडकको अवधिसँगै लागत पनि बढेको छ । पछिल्लोपटक भएको मूल्य समायोजनामा यसको लागत रु. ६३ करोड पुगेको हो ।

आयोजना कार्यालयले निर्माण कम्पनीलाई कार्यक्षेत्रमा परिचालित नभए ठेक्का तोडेर कालोसूचीमा राख्ने चेतावनी र जनप्रतिनिधिहरूले दबाब दिएका थिए । अन्नपूर्ण गाउँपालिका–३ का वडाध्यक्ष रमेश पूर्जाले लामो पहलपछि ठेकेदार काममा फर्किएकाले सडकको अवस्था सुधार हुने अपेक्षा गरेको बताउनुभयो । पहिरो र कटानको उच्च जोखिमका कारण विभिन्न ठाउँमा २ दशमलव ५ किलोमिटर सडकलाई कालोपत्रबाट भिकिएको छ । नागढुङ्गा–काभ्रे खण्डमा नौ किलोमिटर दूरीमा डिबिएसडी प्रविधिको कालोपत्र गर्ने तयारी भएको हो । दुई छिमेकी मुलुकलाई जोड्ने ४३५ किलोमिटरको कालीगण्डकी करिडोर सडकलाई गण्डकी प्रदेशको भाग्यरेखा मानिएको छ । पर्वतको मालढुङ्गादेखि म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरला नाका जोड्ने २०२ किलोमिटर दूरीको दुईतर्फी सडकको कालोपत्र र ग्राभेल बनाउन आव २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको छ । छ खण्डमा ८५ किलोमिटर ग्राभेल र तीन खण्डको १९ किलोमिटर सडक कालोपत्र गर्ने काम सकिएको छ । योजनामार्फत १३ वटा पक्की पुल र तीनवटा बेलिब्रिज निर्माण सकिएका छन् ।

# म्याग्दीमा १६ किलोमिटर सडक कालोपत्र हुँदै

पोखरापत्र संवाददाता
म्याग्दी, २२ चैत

म्याग्दीमा चालु आर्थिक वर्षमा १६ किलोमिटर सडक कालोपत्रका लागि तयारी भइरहेको छ । गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले सञ्चालन गरेका बहुवर्षीय र सालबसाली आयोजनामार्फत १६ दशमलव दुई किलोमिटर सडक कालोपत्र/आरसिसी र पिसिसी ढलान गर्न लागेको हो ।

यसैक्रममा आज पश्चिम म्याग्दीको मालिका गाउँपालिका वडा नं ६ उपल्लो दरबाङको जनप्रिय टोलबाट शान्ति टोलसम्मको पाँच सय मिटर सडक कालोपत्र भइरहेको छ । त्यसैगरी बुधबार बेनी नगरपालिका–४ सिङ्गाको पौडेलचोकबाट वडा कार्यालयसम्म जोड्ने सडक कालोपत्र गरिएको थियो ।

दरबाङको सडक कालोपत्र गर्ने ठेक्का लिएको सक्षम ब्रदर्स निर्माण कम्पनीले आजदेखि कालोपत्रको काम सुरु गरेको कम्पनीका सञ्चालक मनोज कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार नालीसहित छ सय मिटर सडक कालोपत्र गर्न कम्पनीले भ्याटबाहेक रु ५० लाखमा जिम्मा लिएको हो ।

त्यसैगरी जिल्लाका अन्य ठाउँका सडक पनि कालोपत्र भइरहेका पूर्वाधार विकास कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख विष्णुप्रसाद पौडेलले छ किलोमिटर ग्राभेल, १० किलोमिटर नयाँ मार्ग खोल्ने, १५ किलोमिटर सडक विस्तार र चार किलोमिटर नाली निर्माण, १० हजार घनमिटर टेवा पर्खाल निर्माण गर्ने आयोजना सञ्चालन भएको जानकारी दिनुभयो । उहाँका अनुसार सडक निर्माण, स्तरोन्नति, कालोपत्र, झोलुङ्गो र सडक पुलसम्बन्धी नयाँ ७० योजना रहेकामा ११ योजना बहुवर्षीयका लागि स्रोत सुनिश्चितता गर्न सिफारिस भएकामा चार ठेक्का मूल्याङ्कनको चरणमा रहेका छन् । सालबसाली २३ योजनाको ठेक्का र १३ उपभोक्ता समितिमार्फत कार्यान्वयन भइसकेका छन् । सातवटा सालबसाली योजना सम्पन्न भइसकेका छन् । चार योजनाको ठेक्का सम्झौताको तयारी भएको छ । यसअघि ठेक्का सम्झौता भएका १३ आयोजना चालु रहेका छन् । चालु आर्थिक वर्षमा कुल रु ७१ करोड ३७ लाख बजेट विनियोजन गरिएको कार्यालयले फागुन मसान्तसम्म रु आठ करोड ९३ लाख ४३ हजार अर्थात् १२ दशमलव ५१ प्रतिशत बजेट खर्च गरेको छ ।

गत आवमा १३ दशमलव २८ किलोमिटर पक्की सडक, सात दशमलव दुई किलोमिटर ग्राभेल, २३ किमी दुई सय ७५ मिटर सडक निर्माण भएको थियो । यस वर्ष पाँच दशमलव छ किलोमिटर दूरीको गलेश्वर–पिपले–भगवती सडक कालोपत्र र दरबाङ–धारापानी सडकको छ किलोमिटर छ सय मिटर ग्राभेल सकिएको छ । बेनी–दरबाङ सडकको सिम–लाम्पाटा खण्ड र लाम्पाटा–ढाडखर्क खण्डमा करिब नौ किलोमिटर कालोपत्र गर्ने तयारी भएको छ । रु २० करोड लागत अनुमान गरिएको बेनी–पाखापानी, रु २५ करोड लागत अनुमान गरिएको धारापानी–ताकम–शिवाङ कालोपत्र गर्न आह्वान गरिएको ठेक्का प्रस्ताव मूल्याङ्कनको चरणमा छ । बेनी–भकिम्ली, अदिभारा–डाडागाउँ र पखेर–बरंजा सडक स्तरोन्नतिका लागि रु १०–१० करोड बजेटको आयोजनाको ठेक्का आह्वान गरिएको छ ।

# क्षयरोगमुक्त अभियानमा पालिकाको सक्रियता

पोखरापत्र संवाददाता
बागलुङ, २२ चैत

पछिल्लो समय बढ्दो सङ्ख्यामा रहेका क्षयरोग न्यूनीकरणमा पालिकाहरूले काम थालेका छन् । गलकोट नगरपालिकाले भने क्षयरोगमुक्त अभियानमा लागि पालिका र वडास्तरीय दर्जन बढी गतिविधि सञ्चालन गरिसकेको छ ।

जिल्लामा सबैभन्दा सङ्क्रामक रूपमा देखिएको बडिगाड गाउँपालिका र त्यससँगै जोडिएकाले गलकोटले बढी चासो दिएर काम गरेको स्वास्थ्य शाखा प्रमुख मीरा शर्माले बताउनुभयो । गलकोटले पालिकास्तरीय अभिमुखीकरण, वडा र पालिकास्तरीय क्षयरोगमुक्त समिति गठन गरेको हो ।

ती समितिले सघन रूपमा क्षयरोगीको खोजी गर्ने, उपचारको दायरामा ल्याउने र पालिकालाई मुक्त बनाउने काम गर्ने छ । गलकोटका सामाजिक विकास समितिका संयोजक हिमबहादुर भण्डारीले क्षयरोगीलाई गम्भीर रूपमा लिएर उपचारको दायरामा ल्याउन सबै सक्रिय भइसकेको बताउनुभयो । "हामीले सुक्ष्म रूपमा यो रोगको खोजी गरेर उपचारको दायरामा ल्याउन खोजेका छौँ", भण्डारीले भन्नुभयो, "आम नागरिकलाई पनि यो रोगका समस्याबारे जानकारी दिँदैछौँ ।" नगरपालिकाले जनस्वास्थ्य निरीक्षक मनिष राजभण्डारी नियुक्त गरेर क्षयरोगको मात्रै विशेष अध्ययनको काम थालेको हो । गलकोटमा अघिल्लो वर्ष २५, गत वर्ष १५ र चालु वर्षको फागुन मसान्तसम्म ११ क्षयरोगी भेटिइसकेका छन् । क्षयरोग लागेको व्यक्तिले श्वासप्रश्वासबाट २५ जनासम्मलाई सार्न सक्ने भएपछि यो भयावह बन्न नदिन पालिकाले चासो बढाएको शर्माले बताउनुभयो । चालु वर्षको आठ महिनामा बागलुङमा कुल दुई सय २७ क्षयरोगी भेटिएका छन् । तीमध्ये बडिगाडमा मात्रै एक सय ३० जना भेटिएका हुन् । गत वर्ष जिल्लामा दुई सय ३५ क्षयरोगी भेटिएका थिए । आर्थिक वर्ष २०७८/७९ मा यो सङ्ख्या एक सय ८५ थियो । आव २०७७/७८ मा एक सय ३५ मात्रै क्षयरोगी थिए । पहिलो आठ महिनामै यतिधेरै सङ्ख्या पत्ता लागेपछि चालु आवमा यो ग्राफ अझै बढ्ने स्वास्थ्यकर्मीको चिन्ता छ । समूहमा बस्ने, रोगीका परिवार र ज्येष्ठ नागरिकमा यो सङ्क्रमणको दर उच्च रहने गरेको भेटिएको स्वास्थ्य कार्यालयका क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो । उपचार र परीक्षणको पहुँच बढ्दै जाँदा क्षयरोगीको ग्राफ बढिरहेको हो । "तोकिएका स्थानका शङ्कास्पद बिरामीमात्रै परीक्षण गरेका हौँ, खोजपडताल प्रभावकारी भयो भने यो अङ्क भयावह देखिन सक्छ", घिमिरेले भन्नुभयो, "क्षयरोगकै कारण चालु आवमा चार जनाले ज्यान गुमाइसकेका छन् ।"

औषधि प्रतिरोधक क्षयरोगको परीक्षण गर्न सकिने अत्याधुनिक मेसिन बागलुङमा जडान भएपछि परीक्षणको दायरा बढेको छ । परीक्षण गर्न पाएपछि घरभित्र बसेका महिलामा समेत सङ्क्रमणको दर उच्च देखिएको हो । परीक्षण भएकाहरूले खुलेर जानकारी नदिने र औषधि सेवनमा लापरबाही गर्दा सङ्क्रमण फैलिएको अनुमान छ ।

# स्रोत सुनिश्चित नहुँदा नगर अस्पताल अलपत्र

पोखरापत्र संवाददाता
बागलुङ, २२ चैत

ढोरपाटन सिकार आरक्ष क्षेत्रमा निर्माणाधीन नगर अस्पताल अलपत्र परेको छ । ढोरपाटन नगरपालिका–९ पाखाथरमा १९ महिना अगाडि निर्माण सुरु भएको नगर अस्पतालमा अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता नहुँदा अलपत्र परेको हो ।

निर्माण कम्पनीले ५० प्रतिशत काम सम्पन्न गरिसकेको छ । आधा काम गरिसक्दा पनि भुक्तानी नपाएपछि अहिले अस्पतालको काम ठप्प भएको हो । गत माघसम्म ठूलो सङ्ख्यामा कामदार लगाएर काम गरिरहेको निर्माण कम्पनीले अहिले काम छाडेको छ ।

ढोरपाटन क्षेत्रका नागरिकलाई लक्षित गरी निर्माण सुरु गरिएको १५ शय्याको नगर अस्पतालको काम रोकिएपछि सरकारले बजेट व्यवस्थापन गरेर अस्पताललाई पूर्णता दिनुपर्ने स्थानीयको माग छ । विसं २०८२ असार २३ सम्ममा सक्नेगरी सम्झौता गरिएको थियो ।

काम सुरु गर्दा नगरपालिकाले पेश्कीस्वरुप रु दुई करोड ४६ लाख उपलब्ध गराए पनि त्यसयता काम गरेको भुक्तानी नपाएको एसी कन्ट्रक्सन प्रालिका प्रमुख दीपक अदैले बताउनुभयो । उहाँले भदौ महिनासम्म रु छ करोड ६१ लाखको काम सम्पन्न गरी नगरपालिकामा बिल बुझाए पनि अहिलेसम्म रकम नपाएको गुनासो गर्नुभयो । हालसम्म अस्पतालको आधाभन्दा बढी काम सकेको भन्दै रु साढे आठ करोड भुक्तानी हुन बाँकी रहेको अदैले बताउनुभयो । करोडौँ रकम भुक्तानी नहुँदा काम गर्न निकै गाह्रो भएको उहाँको भनाइ छ । अस्पतालको भवन निर्माणका लागि रु १७ करोड ५० लाखमा सम्झौता भए पनि सरकारले स्रोत सुनिश्चितता नगर्दा भुक्तानी पाउन नसकेको हो । ढोरपाटनमा निर्माण सामग्री ढुवानी गर्न र कामदार लगाउन निकै खर्चिलो भएको तथा आफूले जसोतसो व्यवस्थापन गर्दै आए पनि अहिले निकै गाह्रो भएको उहाँको भनाइ छ । "हामीहरूले इमान्दार भएर काम गर्यौँ, तर अहिले भुक्तानी पाएनौँ, भुक्तानी पाउन नसक्दा, काम छाड्न बाध्य भयौँ, सबै व्यवभार मिलाउन गाह्रो भएको छ, भदौसम्मको रु छ करोड बढी बिल पेस गरेको महिनौँ भयो, अहिलेसम्म एक रुपैयाँ पनि पाएका छैनौँ, त्यसपछि पनि माघसम्म पैसा आउने आशामा काम गरियो आएन र काम गर्न सकिएन", अदैले भन्नुभयो, "अहिलेसम्म रु आठ करोडभन्दा बढी रकम पाउन छ, स्रोत सुनिश्चित नहुँदै ठेक्का लगाइएको रहेछ, यसमा हाम्रो के दोष ?, अहिले हामीहरू निकै समस्यामा परेका छौँ, काम गरेको करोडौँ रकम नपाउँदा व्यवभारले तनाव बनाएको छ ।" उपत्यका क्षेत्रमा ढोरपाटनका वडा नं ६, ७, ८ र ९ का करिब पाँच हजार बढी स्थानीय यहाँ बसोबास गर्दै आएका छन् । हिउँदको समयमा त्यहाँका बासिन्दा अधिकारीचौर, बोबाङलगायतका ठाउँमा झर्ने र बर्खाको समयमा ढोरपाटन बस्ने गर्दछन् । अस्पताल निर्माणपछि ढोरपाटनसँगै निसेलढोर र पूर्वीरुकुमको तकसेरा, हुकाम मैकोट, म्याग्दीको जलजलाका नागरिकलाई उपचारमा सहज हुने अपेक्षा लिइएको छ ।

ढोरपाटनमा अहिलेसम्म अस्पताल बन्न सकेको थिएन । नगरपालिकाले सहरी सामुदायिक स्वास्थ्य एकाइ सञ्चालनमा ल्याएर सेवा प्रवाह भइरहेको छ । बुर्तिबाङ बजारबाट ३२ किलोमिटरको दूरीमा रहेको ढोरपाटनमा बाहिरबाट आउने पर्यटकसमेत बिरामी हुँदा उपाचारमा समस्या हुने गरेको छ । उच्च स्थानमा हुँदा पर्यटकलाई लेक लाग्ने समस्या बढी हुने गरेको पाइन्छ । निर्माणाधीन अस्पतालका लागि स्रोत सुनिश्चित नहुँदा अर्थ मन्त्रालयले भुक्तानी गर्न नसक्ने जनाएको बताइएको छ ।

नगरपालिकाका प्रमुख प्रशाकीय अधिकृत विष्णुप्रसाद ज्ञवालीले निर्माण कम्पनीले माघ महिनासम्म तीव्रगतिमा काम गरेको जनाउँदै सङ्घीय सरकारले रकम नपठाउँमा भुक्तानी गर्न नसकिएको बताउनुभयो । सात महिना अगाडि नै निर्माण कम्पनीले नगरपालिकामा बिल पेस गरेको जनाउँदै केन्द्रमा पटक–पटक माग गर्दा पनि रकम नपठाएको उहाँको भनाइ छ । नगरपालिकाको स्रोत नहुँदा पालिकाबाट भुक्तानी गर्न सक्ने स्थिति नरहेको ज्ञवाली बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "ठूलो रकम निर्माण कम्पनीलाई भुक्तानी गर्न बाँकी छ, स्वास्थ्य मन्त्रालयमा दुई पटकसम्म रकम पठाउनका लागि पत्र पठायौँ, तर अहिलेसम्म आएन, उहाँहरूले धेरै काम गर्नुभएको छ, भुक्तानी नगरपालिकाले पनि गर्न सक्दैन, नगरपालिकाको आम्दानी हुन्थ्यो भने जोखिम लिएर भुक्तानी दिन सकिन्थ्यो, हाम्रो केही स्रोत छैन, अब माथिबाट नआएसम्म अरु विकल्प छैन, सङ्घीय कार्यक्रम भएको हुँदा अप्ठ्यारो भयो, यसले निर्माण कम्पनी निकै मर्कामा परेको छ ।"



## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ९–१२)को अनुदान कोटामा रिक्त प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/१२/२१ को चलानी नं. ६०९ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०६ /०८०/०८१ | प्रशिक्षक | उ.मा.वि. कक्षा (११–१२) | कृषि (बाली विज्ञान) | द्वितीय | १ | अस्थायी करार | एम.एस्सी एजी वा सो सरह |
| २ | ०७ /०८०/०८१ | प्रशिक्षक | मा.वि. कक्षा (९–१०) | कृषि (बाली विज्ञान) | तृतीय | १ | अस्थायी करार | बी. एस्सी एजी |

१. शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा माथि उल्लेखित तह उत्तीर्ण गरेको हुनुपर्ने ।
२. छनौटका आधारहरुः लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
३. उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति ।
४. दरखास्त दस्तुरः रु २०००/– तिरेको सक्कल रसिद ।
५. दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मितिः २०८१ बैशाख ५ गते कार्यालय समयभित्र ।
६. तलब स्केलः नेपाल सरकारको नियमानुसार ।
७. परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ ।
विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा–२०, भलाम, कास्की फोन नं. ०६१–६२१६५६**